यस पातारासी गाउँपालिकाले कोरोना भाईरस कोभिड १९ रोग नियन्त्रण तथा रोकथामका लागि हाल सम्म गरेका प्रयासहरु ।

१. मिति २०७६।१२।०७ गते

- पालिका स्तरिय कोरोना भाईरस रोकथाम तथा नियन्त्रण समन्वय समिति गठन र कर्णाली ईन्स्टिच्युट डोलकानको भवनमा क्वारेन्टाईन स्थान तोक्ने निर्णय गरिएको । र पालिकामा एक र उर्थुचौतारामा एक हेल्थ डेक्स स्थापना गरि सञ्चालनमा ल्याईएको ।

२. मिति २०७६।१२।२७ गते

- कोरोना भाईरस कोभिड १९ संक्रमण रोकथाम तथा उपचार कोष कोष सञ्चालन सम्बन्धी कार्यविधि २०७६ अनुमोदन गरि कार्यान्वयनमा ल्याईएको ।
- कोरोना भाईरस कोभिड १९ संक्रमण रोकथाम तथा उपचार कोष कोष सञ्चालनको लागि ४९ लाखको कोष खडा गरिएको ।
- कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका लागि जनचेतना जगाउन यस पालिकाका प्रत्येक घरधुरी लाई दुई दुई चक्की साबुन र प्रत्येक ब्यक्तिलाई एक एक थान माक्स वितरण गर्ने निर्णय भए बमोजिम १८ हजार माक्स र ७२०० साबुन वितरण गरिएको ।

३. मिति २०७७।०१।०८ गते

- असंगठित क्षेत्रकामा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई राहत सम्बन्धी मापदण्ड २०७६ पारित गरिएको ।

४. मिति २०७७।०१।०८ गते

- राहत सम्बन्धी मापदण्ड २०७६ बमिजिम लक डाउनको अवधिमा खाद्यान्न आपूर्ति ब्यवस्थालाई सहज तुल्याउन र विपन्न ब्यक्तिहरुलाई राहत वितरण गर्नका लागि १७१ क्विन्टल चामल र १०० क्विन्टल नुन खरिद गरिएको यस पालिकाको १ २ ६ र ७ नं वडाका १५८ अति विपन्न परिवारलाई प्रति परिवार चामल ३० के जि, नून २ के जी र तेल १ लिटर राहत वितरण भईसकेको र अन्य वडाहरुमा पनि वडा सिफारिसको आधारमा राहत वितरण गरिने ।

५. २०७६।१२।११ गते ९ जना ब्यक्तिहरुलाई कर्णाली ईन्स्टीच्युट डोल्काटीमा पहिलो चरणका ब्यक्तिहरुलाई क्वारेन्टाईनमा राखिएको।

६. दोश्रो चरण मिति २०७७।१।१० गतेबाट कर्णाली ईन्स्टिच्युटमा ५ जना ब्यक्तिहरुलाई क्वारेन्टाईनमा राखिएको।

७. जिल्ला बाहिरबाट उद्दार गरि ल्याईएका कूल ८२ जना मध्ये मिति २०७७।१।११ गते देखि २६ जनालाई कर्णाली ईन्स्टिच्युट डोल्कानीको क्वारेन्टाईनमा राखिएको।

८. जिल्ला बाहिरबाट उद्दार गरि ल्याईएका कूल ८२ जना मध्ये मिति २०७७।१।११ गते देखि ४ जना ब्यक्तिहरुलाई गंगादेवी मा वि गडिगाउँ वडा नं १ को क्वारेन्टाईनमा राखिएको।

९. जिल्ला बाहिरबाट उद्दार गरि ल्याईएका कूल ८२ जना मध्ये मिति २०७७।१।११ गते देखि २१ जना ब्यक्तिहरुलाई सरस्वती मा वि खालाढी वडा नं २ को क्वारेन्टाईनमा राखिएको।

१०. जिल्ला बाहिरबाट उद्दार गरि ल्याईएका कूल ८२ जना मध्ये मिति २०७७।१।११ गते देखि १७ जना ब्यक्तिहरुलाई मालिका मा वि लोड वडौर नं ३ को क्वारेन्टाईनमा राखिएको।

११. जिल्ला बाहिरबाट उद्दार गरि ल्याईएका कूल ८२ जना मध्ये मिति २०७७।१।१७ गते देखि १० जना ब्यक्तिहरुलाई भगवती आ वि उर्थु चौतारा वडा नं ६ को क्वारेन्टाईनमा राखिएको।

१२. जिल्ला बाहिरबाट उद्दार गरि ल्याईएका कूल ८२ जना मध्ये मिति २०७७।१।१७ गते देखि १२ जना ब्यक्तिहरुलाई सरस्वती मा वि रिनी वडा नं ७ को क्वारेन्टाईनमा राखिएको।

१३. क्वारेन्टाईनमा राखिएका तथा सुरक्षाकर्मी स्वास्थ्य कर्मी अन्य कर्मचारी गरि जम्मा २९ जनाको RDT र ९९ जनाको PCR जाँच गराईको र नतिजा नेगेटिभ देखिएको।

१४. उद्दार गरि ल्याईएका जम्मा ४४ जनालाई जुम्ला सदरमुकाम मा एक छाक खाना खुवाईएको।

१५. हालसम्म दुईटै हेल्थ डेक्स गरी कूल ९१२ जनाको चेकजाँच गरि गरी विवरण राखिएको।

१६. मिति २०७७।२।४ गते निगरानी समूह गठन गरी जिल्लामा सञ्चालन गरिने एकिकैत क्वारेन्टाईन ब्यवस्थापनका लागि यस पालिकाका हे अ श्री रतन बहादुर बुढ्थापालाई सम्पर्क ब्यक्ति तोकिनुका साथै रु ५० हजार एम्बुलेन्स सञ्चालनका लगि जिल्ला विपद कोषमा पठाईएको।

१७. Lockdown का कारण काठमाण्डौंमा अलपत्र परेका पातारासी गाउँपालिका वडा नं २ का दृष्टि विहिन श्री छविलाल कामी र श्री बसन्ति कामीलाई राहत स्वरुप नगद रु १००००।- रुपैया सहयोग गरिएको।